# खाता बन्द गर्दा अवलम्बन गरिने प्रक्रिया

ग्राहक महानुभावहरूले आफ्नो व्यक्तिगत वा संस्थागत बैंक खाता बन्द गर्न चाहेमा देहाय बमोजिमको प्रक्रिया पालना गर्नुपर्नेछ :

- ग्राहकले खाता बन्द गर्न सम्बन्धित खातावाला स्वयं उपस्थित भई बैंकले तोकेको खाता बन्द गर्ने फारम भर्नुपर्दछ। संस्थागत खाताको हकमा संस्थाको आधिकारिक निर्णय सहितको पत्र र आधिकारिक हस्ताक्षरकर्ताको उपस्थिति भई बैंकमा निवेदन पेश गर्नुपर्दछ।
- आफ्नो खाताको विवरण अद्यावधिक गर्नुपर्ने अवस्थामा ग्राहक सम्पुष्टि तथा पहिचान सम्बन्धी विवरण तथा कागजात समेत बैंकमा पेश गर्नुपर्दछ।
- बैंकले उपलब्ध गराएको प्रयोग नभएका चेकबुकहरु र ATM कार्ड फिर्ता वा रद्द गर्नुपर्ने हुन्छ। यदि लकर सेवा उपभोग गरेको भए लकरको साँचो बुझाई लकर समेत बन्द गर्नुपर्ने हुन्छ।
- बैंकले खाताबाट असुलउपर गर्नुपर्ने कुनै शुल्कहरु बाँकी भएको अवस्थामा बैंकले सो रकम असुल उपर गरि खाता बन्द गरि खातामा भएको रकम सम्बन्धित व्यक्तिलाई तोकिएको माध्यमबाट भुक्तानी गर्दछ।